HATE:HATE 16/3/10 12:23 Page 1

**भी आइ ए**-ले जमानत बारे कुनैपनि निर्णयको र जमानत दिइएको खण्डमा लागु हुने शर्तहरू बारे तपाईंलाई सूचित गर्नेछ।

## के म अदालत जानु पर्नेछ?

अभियुक्तले अपराध कबुल गरेको खण्डमा सामान्यत: तपाईंलाई अदालत जानु पर्ने छैन।

यदि अभियुक्तले अपराध कबुल गर्दैन भने तपाईंलाई सम्भवत: **एक साक्षीको रूपमा र गवाही दिनका लागि अदालत जानु पर्ने हुन सक्छ। यसको अर्थ के हो भने तपाईंले अदालतलाई अपराध बारे तपाईंलाई जो थाहा छ त्यो बताउनु पर्नेछ।**

अदालतमा गवाही दिने कुनै पनि व्यक्तिले सत्य बोल्ने कसम खानु जरूरी छ। तपाईंले यो कसम तपाईंको धर्म, भाषा वा संस्कृति बमोजिम कुनै पनि तरिकाले खान सक्नु हुन्छ।

अपराधको आरोप लागेको व्यक्ति पनि अदालतमा उपस्थित भएको हुन सक्छ।

**भी आइ ए**-ले भइरहेका कार्यवाहीबारे तपाईंलाई सूचित गर्नेछ र यस प्रक्रियामा तपाईंलाई मद्दत गर्नेछ। सुनवाई हुनु पहिले तपाईंलाई अदालत परिसर देखाउनका लागि हामीले कुनै व्यक्तिको व्यवस्था मिलाउन सक्छौं जसबाट तपाईंलाई जानकारी प्राप्त हुनसकोस्। तपाईंको प्रमाण भिन्न प्रकारले प्रस्तुत गर्न सकिन्छ कि भन्ने विषयमा पनि हामी विचार-विमर्श गर्न सक्छौं।

## म कहाँ बस्छु भन्ने बारेमा के अभियुक्तले पत्तो लगाउन सक्छ?

यद्यपि तपाईंका विवरणहरू प्रतिवादी वकिलहरूलाई दिइनेछ तर तपाईंको ठेगाना अभियुक्तलाई दिने अनुमति उनीहरूलाई छैन।

तपाईंको ठेगाना, त्यस ठाउँमा अपराध भएको होइन भने, अदालतमा पढेर सुनाइने छैन। तर अपराधको घटना त्यो ठेगानाबाट देखिएको हो वा त्यहाँबाट कुनै जिनिस फेला परेको हो भने अदालतमा ठेगानाको उल्लेख गरिनु जरूरी हुन जान्छ। यदि तपाईं यसबारे चिन्तित हुनुहुन्छ भने आफ्ना चिन्ताहरूको बारेमा फिस्कलसित विचार-विमर्श गर्नुहोस्।

## सहायता एजेन्सीहरू

सहायता निम्ति तल सूचिबद्ध संगठनहरू मध्ये एकसित सम्पर्क गर्न चाहना तपाईंलाई हुनसक्छ।

### पीडित सहायता स्कटल्याण्ड

अपराधबाट पीडित र उनीहरूका परिवारजनलाई व्यावहारिक एवं भावनात्मक सहायता प्रदान गर्दछ :

कार्यालय समयको दौरान **0845 603 9213**
www.victimsupportsco.org.uk

### साक्षी सेवा

सबै पीडितहरू र साक्षीहरू तथा उनीहरूका परिवारजन एवं मित्रहरूलाई यसले अदालत जाँदा व्यावहारिक एवं भावनात्मक सहायता प्रदान गर्दछ।

स्थानीय साक्षी सेवा विवरणहरूका लागि कृपया पीडित सहायता स्कटल्याण्डलाई सम्पर्क गर्नुहोस्, **भी आइ ए**-लाई सोध्नुहोस् वा सुनवाई हुने अदालतसित सम्पर्क गर्नुहोस्।

### समानता एवं मानवाधिकार आयोग

आफ्नो स्थानीय कार्यालयको विवरण निम्ति **0845 604 5510 मा फोन गर्नुहोस्**
www.equalityhumanrights.com

तपाईंको स्थानीय इलाकामा पनि अन्य मद्दतगार संगठनहरू हुन सक्छन्। विवरणका लागि **भी आइ ए**-लाई सोध्नुहोस्।

www.crownoffice.gov.uk

## अधिक जानकारी निम्ति

यदि तपाईंलाई अरू कुनै जानकारी चाहिएको छ, कुनै कुरामा तपाईं अनिश्चित हुनुहुन्छ वा तपाईंकोलागि हामीले फिस्कलसित सम्पर्क गरौं भनी चाहनुहुन्छ भने कृपया भी आइ ए-लाई सोध्नुहोस्।

तपाईंले आफ्नो स्थानीय **भी आइ ए** कार्यालयसित संलग्न लिफामा दिइएको टेलिफोन नम्बरमा सम्पर्क गर्न सक्नुहुन्छ।

अथवा कृपया **भी आइ ए** राष्ट्रिय टोलीसित सम्पर्क गर्नुहोस्:

टेलिफोन नं. 0844 561 3701

फ्याक्स नं.0844 561 4180

ईमेल ठेगाना
_vianationalteam@copfs.gsi.gov.uk

पीडित जानकारी एवं परामर्श,
क्राउन कार्यालय एवं प्रोक्युरेटर फिस्कल सेवा

© क्राउन कपिराइट 2010

आर आर डोन्नेल्ले बी 64124-03-10

**भी आइ ए** पीडित जानकारी एवं परामर्श

# परामर्श

## घृणाजनित अपराधबाट पीडितहरू निम्ति

**यदि तपाईं यो दस्तावेज अर्को भाषामा, ठूला अक्षरमा, अडियो, ब्रेल वा अन्य रूपमा चाहनुहुन्छ भने कृपया भी आइ ए-सित सम्पर्क गर्नुहोस्। हामी RNID typetalk prefix 18001 मार्फत् कलहरूको स्वागत गर्छौं।**

# जानकारी एवं परामर्श

घृणाजनित अपराध कुनै पनि यस्तो अपराध हो जो अपराधीले यो सोचेर गर्छ कि पीडित कुनै विशेष जाति, धर्म, लिंग, ट्रान्सजेन्डर चिह्नारी भएको हो वा अक्षम छ, चाहे त्यो सहि होस् वा नहोस्।

पूर्वधारणा राखेर गरिने अपराध झनै गम्भीर अपराध हो किनभने यो:

- कुन धारणा मनमा राखेर गरिन्छ भने पीडित कुनै विशेष जाति, धर्म, लिंग, ट्रान्सजेन्डर चिह्नारीको हो वा ऊ अक्षम छ; वा
- यस्तो अपराधका साथ जाति, धर्म, अक्षमता, लिंग वा ट्रान्सजेन्डर चिह्नारीसित सम्बन्धित पूर्वधारणा जोडिएको हुन्छ वा त्यसबाट उत्प्रेरित हुन्छ

पीडितमाथि यस्ता अपराधको प्रभाव अत्यन्तै कष्टदायक हुन्छ अनि ठूलो डर एवं चिन्ता उत्पन्न गराउने हुन सक्छ। एक पीडित वा साक्षीको रूपमा आपराधिक न्यायिक प्रणालीमा संलिप्त हुनु पनि तनावपूर्ण र अन्योलपूर्ण हुन सक्छ।

**पीडित जानकारी एवं परामर्श (भी आइ ए)** तपाईँकोलागि मद्दतगार हुन सक्छ।

# भी आइ ए बारेमा

**भी आइ ए** क्राउन कार्यालय एवं प्रोक्युरेटर फिस्कल सेवाको एक अँग हो। प्रोक्युरेटर फिस्कल माथि स्कटल्याण्डमा हुने अपराधको जाँच गर्ने र मुद्दा चलाउने जिम्मा छ।

**भी आइ ए** स्टाफ अभियोक्ता होइनन्। हामीले पीडितहरू र साक्षीहरूलाई तथा अचानक, अनापेक्षित वा अपराधसित सम्बन्धित मृत्युका केही मुद्दाहरूमा शोकाकुल निकटका नातेदारहरूलाई पनि मद्दत गर्दछौँ।

**भी आइ ए** –ले यो दु:खको घडीमा निम्न प्रकारले तपाईंलाई मद्दत दिन सक्छ:

- आपराधिक न्यायिक प्रणालीले कसरी काम गर्दछ र तपाईँले के अपेक्षा गर्न सक्नुहुन्छ भन्ने बारेमा जानकारी र परामर्श दिन्छ
- तपाईंको मुद्दाको प्रगतिबारे तपाईँलाई ताजा स्थितिसित अवगत राख्छ
- पीडितहरू र उनीहरूका परिवारजन निम्ति अन्य सेवाहरूसित तपाईँलाई सम्पर्कमा राख्दछ

कुनैपनि समयमा तपाईँलाई हाम्रो मद्दत चाहिँदैन भने कृपया हामीलाई सूचित गर्नुहोस्। त्यसपछि फेरि तपाईँको विचार बदलिन्छ भने कृपया हामीलाई सम्पर्क गर्नुहोस्।

# थप सहायता

यदि तपाईँको पहिलो वा रोज्नुभएको भाषा अङ्ग्रेजी होइन भने अदालतमा के भनिँदैछ भन्ने बताउन वा तपाईंलाई प्रमाण दिनमा मद्दत गर्नका लागि दोभाषेको आवश्यकता पर्न सक्छ। यदि तपाईँ दैनन्दिन प्रयोग निम्ति पर्याप्त अङ्ग्रेजी जान्नुहुन्छ भने पनि यो तपाईंको लागि जरूरी हुन सक्छ।

तपाईँलाई कुनै दस्तावेजहरू जस्तै फिस्कलबाट आउने पत्रहरू तपाईँले रोज्नुभएकै भाषामा पाइयोस् भन्ने आवश्यकता पनि हुन सक्छ।

केही व्यक्तिहरूलाई थप सहायता चाहिन सक्छ जस्तै अदालतसम्म पहुँच निम्ति सहायता।

तपाईँका कुनै चिन्ता वा विशेष आवश्यकताहरू छन् भने कृपया **भी आइ ए**-लाई बताउनुहोस्। तपाईँका प्रमाणहरूलाई भिन्न रूपमा पेश गर्नका लागि सम्भव भएमा हामी विचार-विमर्श पनि गर्न सक्छौँ।

हामीलाई आशा छ कि यो पर्चाले कानूनी प्रक्रियाबारे तपाईँका मनमा रहेका हुन सक्ने केही प्रश्नहरूको जवाफ दियो होला। यदि तपाईँले अरू कुनै कुरा जान्न चाहनुहुन्छ वा कुनै कुराबारे निश्चित हुनुहुन्न भने कृपया हामीलाई सोध्नुहोला।

### यदि कसैलाई पूर्वधारणा ग्रसित अपराधको अभियोग लाग्छ भने के हुन्छ?

फिस्कल र अदालतहरूद्वारा यी अपराधहरूलाई अत्यन्तै गम्भीरतासाथ लिइन्छ। सामान्यत: अभियुक्त विरूद्ध आरोपमा यस्ता शब्दहरूलाई सामेल गरिन्छ जसले यो देखाओस् कि अपराध पूर्वधारणाद्वारा ग्रसित थियो। पर्याप्त प्रमाण भएको खण्डमा र यसो गर्नु जनहितमा छ भन्ने फिस्कलले सोच्छ भने उसले मुद्दा चलाउनेछ।

जनहितको अर्थ के हो भने फिस्कलले मुद्दालाई सबै दिशाहरूबाट हेर्नेछ – व्यापक समुदायको दृष्टिले साथै पीडित र अभियुक्तको दृष्टिकोणबाट। यसमा कैयौँ कारकहरू सामेल हुन्छन् – जस्तै अपराधको प्रकृति र गम्भीरता, पीडित र अन्य साक्षीहरूमाथि यसको प्रभाव तथा के भयो र को संलिप्त थियो भन्ने सम्बन्धमा व्यापक परिस्थितिहरू।

## के यसको सुनवाई हुनेछ?

अभियुक्तले अदालतमा गएर अपराधको लागि दोषी वा निर्दोष भएको भन्ने विषयमा आफ्नो पक्ष राख्नु पर्छ।

**यदि अभियुक्तले अपराध कबुल गर्छ भने अदालतले तत्काल वा बढी जानकारीहरूमाथि विचार गरेपछि सजाय सुनाउन सक्छ।**

**यदि अभियुक्तले अपराध कबुल गर्दैन भने सुनवाईको लागि मिति निर्धारित गरिनेछ।**

यदि मुद्दा सुनवाईमा जाने भयो भने अदालतको प्रणालीले कसरी काम गर्दछ भन्ने विषयमा **भी आइ ए**-ले तपाईँलाई बताउनेछ र तपाईँको मुद्दाको प्रगतिबारे तपाईंलाई ताजा जानकारीहरूबाट अवगत राख्नेछ।

### सुनवाईभन्दा पहिले के अभियुक्तलाई झ्यालखानमा राखिनेछ?

सुनवाईअघि अभियुक्तलाई के गर्ने हो भन्ने विषयमा अदालतले निर्णय गर्छ।

अदालतले अभियुक्तलाई हिरासतमा राख्ने आदेश दिन सक्छ। यसको अर्थ के हो भने तिनलाई सुनवाई हुनुभन्दा पहिलेसम्म झ्यालखानमा राखिनेछ।

तर, अदालतले अभियुक्तलाई सुनवाई नहुँदासम्म जमानतमा रिहा गर्नका लागि सहमति दिन सक्छ। यसको अर्थ के हो भने अभियुक्तहरूलाई पुन: **अपराध नगर्ने शर्तमा रिहा गरिन्छ। अदालतले हत्या जस्तो अत्यन्तै गम्भीर आरोपमा समेत जमानत दिन सक्छ।**

जमानतमा रिहा गरिन्छ भने अभियुक्तद्वारा तपाईँ वा कुनै साक्षीलाई डराइने-धमकाइने वा खतरा उत्पन्न गराइने वा हतोत्साहित गराइने अनुमति हुँदैन। अदालतले तिनलाई तपाईँको वा तपाईँको निवास स्थानको नजिक नजाने आदेश पनि दिन सक्छ। यदि अभियुक्तले यी मध्ये कुनै शर्तको उल्लंघन गर्छ भने तुरुन्तै प्रहरीसित सम्पर्क गर्नुहोस् किनभने अभियुक्तद्वारा जमानतका शर्तहरूको उल्लंघन गरेबापत् प्रहरीले तिनलाई गिरफ्तार गर्न सक्छ।

यदि अभियुक्तलाई तपाईँको नजिक नजाने वा तपाईँलाई सम्पर्क नगर्ने आदेश दिइएको छ भने तपाईँले तिनीहरूको नजिक जाने वा सम्पर्क गर्ने काम पटक्कै गर्नु हुँदैन।